Transport for NSW

# सडक सुरक्षा

## बसमा सिटबेल्ट सुरक्षा

यदि बसमा सिटबेल्ट जडान गरिएको छ भने, तपाईंको बच्चाले सिटबेल्ट प्रयोग गर्नुपर्छ। **यो कानुन हो।**

बसमा सही रूपमा सिटबेल्ट लगाउनुको महत्त्वको बारेमा आफ्नो बच्चासँग कुरा गर्नुहोस्।

उनीहरूलाई सम्झाउनुहोस् कि उनीहरूले जुनसुकै गाडीमा सिटबेल्ट सही तरिकाले लगाउनु पर्छ।

सामान्यतया तपाईं वा अर्को वयस्कले गाडीमा तपाईंको बच्चालाई सिटबेल्ट बाँध्न मद्दत गर्नेगरेको भएपनि, उनीहरूलाई सम्झाउनुहोस् कि उनीहरू स्कूल बसमा हुँदा यो सम्भव नहुन सक्छ। उनीहरूले आफ्नो सीटबेल्ट बलियोगरि अडिएको छ/छैन जाँच गर्नु महत्त्वपूर्ण छ। पेटमा तेर्सिएको पेटीको भाग सिधा  उनीहरूको कम्मरमा पुगेको हुनुपर्छ र बेटारिएको हुनुहुँदैन।

### सिटबेल्ट किन महत्त्वपूर्ण छ?

सिटबेल्ट लगाउनुले दुर्घटना भएको अवस्थामा तपाईंको बच्चाको सुरक्षा गर्न मद्दत गर्दछ।

दुर्घटनामा, सिटबेल्टले:

- शरीरलाई गाडीको समान गतिमा सुस्त बनाउन मद्दत गर्दछ
- शरीरको बलियो भागहरूमा ठक्करको असर छरिदिन्छ (श्रोणि र छातीका क्षेत्रहरू)
- यात्रुहरू एकअर्कासँग वा गाडीको भित्री भागमा ठोक्किने जोखिम कम गर्दछ
- चालक वा यात्रुहरूलाई गाडीबाट फ्याँकिने जोखिम कम गर्दछ।






सिटबेल्ट लगाउँदा दुर्घटनाबाट बच्ने सम्भावना दोब्बर हुन्छ र चोटपटकको जोखिम कम हुन्छ।

तपाईंको परिवारको सुरक्षा गर्न, सँधै निश्चित गर्नुहोस् कि उनीहरू सबैले सही ढङ्गले पेटी बाँधेका छन्।

सडकको वातावरणमा बच्चाहरूलाई सुरक्षित राख्ने बारेमा थप जानकारीको लागि **safetytown.com.au** मा families (परिवार) सेक्सनमा जानुहोस्।

### तपाईंको बच्चालाई सिकाउनको लागि मुख्य सडक सुरक्षा सन्देशहरू

- क्लिक, क्ल्याक, फ्रन्ट एण्ड ब्याक (अगाडि र पछाडि क्लिक क्ल्याक)
- सँधै सुरक्षित रूपले सिटबेल्ट लगाउनुपर्छ

स्टक कोड 45095280 जुन 2024 © NSW को लागि यातायात

NSW GOVERNMENT

NSW सडकमा धेरैले ज्यान गुमाए।
**हाम्रो लक्ष्य शून्य हो।**

TOWARDS ZERO